ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
GRAMEEN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.
समाचार

फागुन २८, २०७८ ग्रामीण विकास लघुवित समाचार मार्च १२, २०२२

# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.को सातौं वार्षिक साधारण सभा सम्पन्न

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.को सातौं वार्षिक साधारण सभा फागुन २८ गते शनिवार बुटवलमा भर्चुअल माध्यम (Zoom) मार्फत सम्पन्न भएको छ। सो अवसरमा अध्यक्ष श्री धन बहादुर बरुवालले संचालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने क्रममा संस्थाले आ.व. २०७७/७८ को आषाढ मसान्तसम्म देशका ५७ जिल्लामा १८९ शाखा कार्यालय मार्फत लघुकर्जा तथा वचतको माध्यमबाट लघुवित्त सेवा पर्वाह गरेको बताउनु भयो। आ.व. २०७१/७२ मा संस्था मर्जर हुँदा कुल संचित नोक्सानी रू. ७६ करोड ६१ लाख १५ हजार रहेकोमा २०७८ आषाढ मसान्तसम्म आइपुग्दा संचित नोक्सानी राफसाफ भई रू. ८ करोड ८५ लाख ४ हजार सञ्चित मुनाफा कायम हुन आएको विवरण अध्यक्षले पेश गर्नुभयो।




आ.व. २०७७/७८ को अवधिमा संस्थामा लगानीमा रहेको बाँकी कर्जा रू. १२.६६ अर्ब र वचत परिचालन रू. ३.७९ अर्ब रहेको बताउनु हुँदै अध्यक्ष श्री बरुवालले समीक्षा अवधिमा गत वर्षको तुलनामा लगानीमा रहेको बाँकी कर्जामा २३.११ प्रतिशत र वचत परिचालनमा ६.६२ प्रतिशतले वृद्धि भएको विवरण पेश गर्नुभयो।

सभामा सञ्चालक श्री शिवहरी दंगालले संस्थाको विविध पक्षका वारेमा प्रकाश पार्दै स्वागत मन्तव्य राख्नु भएको थियो भने शेयरधनीको तर्फबाट चन्द्र नारायण श्रेष्ठ, दिपक प्रसाद पाण्डे, रञ्जित लाल श्रेष्ठले मन्तव्य राख्ने क्रममा नेपाल सरकारको गरिबी न्यूनिकरण गर्ने अभियानमा ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. ले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनु हुँदै सातौं वार्षिक साधारण सभाको सफलताको कामना गर्नुभयो।

साधारण सभामा विभिन्न शेयरधनी महानुभावहरूले उठाउनु भएको जिज्ञासाका सम्बन्धमा का.मु. प्रमुख कार्यकारी अधिकृत / कम्पनी सचिव श्री श्याम कुमार कटुवालले जवाफ दिनु भएको थियो। यस क्रममा का.मु. प्रमुख कार्यकारी अधिकृत श्री कटुवालले संस्थाले शेयरधनी एवं ग्राहक सदस्यहरूको हित संरक्षण र सम्वर्द्धन हुने गरी आफ्नो कारोवार सञ्चालन गर्दै आएको र शेयरधनीहरूलाई उचित प्रतिफल दिन संस्थाले योजनावद्ध ढंगले कार्य गरिरहेको समेत बताउनु भयो। अन्त्यमा सम्पूर्ण उपस्थित शेयरधनी महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै अध्यक्ष श्री बरुवालले सभाको समापन गर्नुभयो।